चन्द्रागिरि नगरपालिका

चन्द्रागिरि नगरपालिका

स्थानीय राजपत्र

खण्डः ९ **संख्याः ३** **मितिः वैशाख १७ गते, २०८३**

भाग २
सम्वत् २०८३ सालको कार्यविधि नम्वर २

चन्द्रागिरि नगरपालिकाको स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८३

प्रस्तावनाः

स्थानीय स्वास्थ्य संस्थाबाट सञ्चालन गरिने स्वास्थ्य सेवालाई उपलब्ध स्रोत साधनको अधिकतम सदुपयोग गरी स्वास्थ्य सेवालाई थप व्यवस्थित जनमुखी र प्रभावकारी बनाउन स्वास्थ्य सेवाको सञ्चालन र व्यवस्थापनमा जनसहभागिता परिचालन गर्न नेपालको संविधान, राष्ट्रिय स्वास्थ्य नीति, २०७१ र स्थानीय स्वास्थ्य सेवा ऐन, २०८२ को उद्देश्य कार्यान्वयन गर्न कार्यविधि तर्जुमा गर्न वाञ्छनीय भएकोले,

चन्द्रागिरि नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी कार्यपालिकाले देहायको कार्यविधि बनाई लागू गरेको छ ।

परिच्छेद-१

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम चन्द्रागिरि नगरपालिकाको स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२ रहनेछ ।

(२) यो कार्यविधि राजपत्रमा प्रकाशन भएको मितिदेखि लागु हुनेछ।

१.२. परिभाषाः विषय वा प्रसङ्गले अन्य अर्थ नलागेमा, यस कार्यविधिमा :

(क) **"ऐन"** भन्नाले स्थानीय स्वास्थ्य सेवा ऐन, २०८२ लाई सम्झनुपर्छ।

(ग) **"नगरपालिका"** भन्नाले चन्द्रागिरि नगरपालिका सम्झनुपर्छ।

(ग) **"कार्यपालिका"** भन्नाले चन्द्रागिरि नगरपालिकाको नगर कार्यपालिका सम्झनु पर्छ।

(घ) **"स्वास्थ्य शाखा"** भन्नाले नगर कार्यपालिकाको स्वास्थ्य शाखा सम्झनुपर्छ।

(ङ) **"आयुर्वेद शाखा"** भन्नाले नगर कार्यपालिकाको आयुर्वेद तथा बैकल्पिक चिकित्सा शाखा भन्ने सम्झनुपर्छ।

(च) **"नगरपालिका क्षेत्र"** भन्नाले नगरपालिकाको भूभाग सम्झनुपर्छ।

(छ) **"स्वास्थ्य संस्था"** भन्नाले प्रचलित कानून बमोजिम स्थापना भएका, इजाजतपत्र लिएका सरकारी, गैह्रसरकारी, निजी, सामुदायिक र सहकारी रुपमा सञ्चालित दफा ६ र दफा ८ बमोजिमका स्वास्थ्य संस्थालाई जनाउँछ।

(ज) **“सरकारी स्वास्थ्य संस्था”** भन्नाले चन्द्रागिरि नगरपालिका क्षेत्र भित्र सरकारले संचालन गरेका स्वास्थ्य संस्था सम्झनुपर्छ।

(झ) **“आधारभूत स्वास्थ्य सेवा”** भन्नाले जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ३ को उपदफा (४) बमोजिम आम नागरिकको स्वास्थ्य आवश्यकता परिपूर्तिका लागि राज्यबाट सुलभ रुपमा निःशुल्क उपलब्ध हुने प्रवर्द्धनात्मक, प्रतिकारात्मक, निदानात्मक, उपचारात्मक र पुनर्स्थानात्मक सेवा सम्झनु पर्छ।

(ञ) **“स्थानीय तह”** भन्नाले चन्द्रागिरि नगरपालिकालाई सम्झिनु पर्दछ।

(ट) **“स्थानीय स्वास्थ्य संस्था”** भन्नाले चन्द्रागिरि नगरपालिका अन्तर्गतको आधारभूत स्वास्थ्य सेवा केन्द्र र शहरी स्वास्थ्य केन्द्र सम्झनु पर्दछ।

(ठ) **“समिति”** भन्नाले यस कार्यविधि बमोजिम गठित स्थानीय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति सम्झनु पर्दछ।

(ड) **“संरक्षक”** भन्नाले नगर प्रमुखलाई सम्झनु पर्दछ।

(ढ) **“अध्यक्ष”** भन्नाले स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समितिको अध्यक्षलाइ सम्झनु पर्दछ।

(ण) **“सदस्य सचिव”** भन्नाले सम्बन्धित स्वास्थ्य संस्था प्रमुख एवंम् स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समितिको सदस्य सचिवलाई सम्झनु पर्दछ।

परिच्छेद-२

कार्यविधिको उद्देश्य, समितिको गठन प्रक्रिया, काम, कर्तव्य र अधिकार

२. **स्थानीय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन कार्यविधिको उद्देश्यः** यस कार्यविधिको मुख्य उद्देश्य आधारभूत स्वास्थ्य सेवालाई जनताको मौलिक अधिकारको रुपमा स्थापित गर्दै आफ्नो आवश्यकता अनुरुपको स्वास्थ्य सेवा आफैं व्यवस्थापन गर्न स्थानीय स्रोतको सदुपयोग र जनसहभागिता परिचालन गरी सर्वसुलभ रुपमा गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने हुनेछ ।

२.१. समितिको गठनः स्थानीय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको गठन विधि निम्न बमोजिम हुनेछ।

(१) नगरपालिकाको स्वामित्वमा रहेका स्थानीय स्वास्थ्य संस्थाको व्यवस्थापनको लागि देहाय बमोजिमको नगर स्तरीय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति हुनेछ ।

(क)	नगर प्रमुख	— संयोजक
(ख)	नगर उप-प्रमुख	— सदस्य
(ग)	प्रमुख प्रशासकीय अधिकृत	— सदस्य
(घ)	स्थानीय स्वास्थ्य क्षेत्र हेर्ने समिति प्रमुख	— सदस्य
(ङ)	आयुर्वेद शाखा प्रमुख	— सदस्य
(च)	कानुन तथा न्यायिक मामिला शाखा प्रमुख	— सदस्य
(छ)	नगरपालिका अन्तर्गत कार्यरत चिकित्सक/ स्वास्थ्यकर्मी मध्ये अध्यक्षले तोकेको २ जना	— सदस्य
(ज)	समितिले मनोनित गर्ने जनस्वास्थ्य विषयमा विशेषज्ञता हासिल गरेका २ जना	— सदस्य
(झ)	बालबालिकाहरुको तर्फबाट (बालक १ जना बालिका १ जना) २ जना	— सदस्य
(ञ)	स्वास्थ्य शाखा प्रमुख	— सदस्य सचिव

(२) नगरपालिकाको स्वामित्वमा रहेको स्थानीय स्वास्थ्य संस्थाको व्यवस्थापनको लागि देहाय बमोजिमको स्वास्थ्य संस्था (प्रत्येक वडामा रहेको स्वास्थ्य संस्थाको छुट्टा छुट्टै) स्तरीय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति हुनेछ ।

आधारभूत स्वास्थ्य सेवा केन्द्र/ शहरी स्वास्थ्य केन्द्र संचालन तथा व्यवस्थापन समिति

(क) नगर प्रमुख संरक्षक

(ख) स्वास्थ्य संस्था रहेको सम्बन्धित वडाको अध्यक्ष -अध्यक्ष

(ग) स्थानीय प्रतिष्ठित समाजसेवी मध्येबाट अध्यक्षले तोकेको व्यक्ति - सदस्य

(घ) सामाजिक, स्वास्थ्य, शिक्षाक्षेत्रमा कृयाशील स्थानीय व्यक्तिहरू मध्येबाट अध्यक्षले तोकेको एक महिला सहित २ जना - सदस्य

(ङ) महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका मध्ये वडा समितिले तोकेको १ जना - सदस्य

(च) महिला जनप्रतिनिधि १ जना - सदस्य

(छ) बालबालिकाहरुको तर्फबाट (बालक १ जना बालिका १ जना) २ जना - सदस्य

(ज) सम्बन्धित स्वास्थ्य संस्था प्रमुख -सदस्य सचिव

<u>नोट :</u>

१. समितिले आवश्यकता अनुसार स्थानीय समाजसेवी, विज्ञ, स्थानीय बाल क्लबका अध्यक्ष वा प्रतिनिधि, किशोर किशोरीका प्रतिनिधि, अपाङ्गता भएका व्यक्तिका प्रतिनिधि र कर्मचारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

२. नगरपालिकाका प्रमुख स्वास्थ्य संस्थाको संरक्षक रहनेछन्।

३. बैठकमा निम्न बमोजिमका क्षेत्रको प्रतिनिधित्व रहने गरी सदस्यहरु आमन्त्रित गर्न सकिने छ,

क. दलित वा जनजातीबाट	१ जना
ख. अपाङ्गता, अशक्त वा जेष्ठ नागरिकहरु मध्येबाट	१ जना
ग. बालबालिकाहरुको तर्फवाट	२ जना

४. नगरपालिका स्तरमा स्वास्थ्य सेवा प्रवाह गर्ने निजि, गैर सरकारी तथा दातृ संस्थाका आयोजना र कार्यक्रमका प्रतिनिधिहरुलाई समितिको बैठकमा आमन्त्रितको रुपमा संलग्न गराउन सकिने छ ।

५. नगरपालिका स्तरमा स्वास्थ्य सेवा प्रवाहमा दोहोरोपन नहुने व्यवस्थापनका लागि पहिले गठित स्वास्थ्यसँग सम्बन्धित अन्य समितिहरु विघटन गरी ती समितिहरुले गरी आएको कार्य पनि यसै समितिले गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

२.२ समितिको पदावधिः

समितिका सम्पूर्ण पदाधिकारी तथा सदस्यहरुको पदावधि नियुक्ति भएको मितिले पाँच वर्षको हुनेछ। तर, मनोनित पदाधिकारीको पदावधि बाँकी रहँदै स्थानीय तहको निर्वाचन सम्पन्न भएमा पदावधि स्वतः समाप्त हुनेछ ।

२.३ पद रिक्त हुने अवस्थाः

(क) मृत्यु भएमा,

(ख) राजीनामा दिएमा,

(ग) बिना सूचना लगातार तीनपटक समितिको बैठकमा अनुपस्थित भएमा।

(घ) प्रचलित कानून बमोजिम अयोग्य ठहरिएमा।

(ङ) स्वास्थ्य संस्थाको अहित हुने काम गरेको ठहर भएमा।

(च) मनोनितको हकमा अध्यक्ष पदमा नरहेमा वा निजले हटाउन चाहेमा।

२.४ बैठक सम्बन्धी व्यवस्था

क. समितिको बैठक समितिका अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ। समितिका अध्यक्षले बैठकको अध्यक्षता गर्नेछन् र निजको अनुपस्थितिमा उमेर अनुसार सबैभन्दा जेष्ठ सदस्यले अध्यक्षता गर्नेछन्।

ख. समितिको बैठक कम्तीमा महिनाको एक पटक अनिवार्य बस्नेछ । आवश्यक परेको अवस्थामा कुनै पनि समय बैठक बोलाउन सकिनेछ।

२.५ समितिको काम, कर्तव्य र अधिकार

समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(१) अघिल्लो बैठकले गरेका निर्णयहरुको कार्यान्वयनको स्थितिबारे पुनरावलोकन गरी जनस्वास्थ्य कार्यक्रम तथा स्वास्थ्य सेवा सञ्चालन आदिमा आएका समस्याहरु समाधानका लागि पहल गर्ने, र समाधान हुन नसकेमा समस्याहरुको निराकरणको लागि नगर कार्यपालिकाको कार्यालयमा पठाउने।

(२) स्वास्थ्य संस्थाबाट सञ्चालन हुने वार्षिक कार्यक्रमहरुको लक्ष्य निर्धारण, कार्यान्वयन तथा उपलब्धिको समीक्षा गर्ने। वार्षिक

रुपमा सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाईको व्यवस्था गर्ने ।

(३) स्वास्थ्य संस्थालाई प्राप्त कार्यक्रम, योजना, सूचना र परिपत्रहरु भए तिनको समयमै जानकारी गरी गराई कार्यान्वयन गर्ने ।

(४) चन्द्रागिरि नगरपालिकाले बनाएको आवधिक कार्यक्रम कार्यान्वयन, अनुगमन समीक्षा र आवधिक प्रतिवेदन तयार गरी चन्द्रागिरि नगर कार्यपालिकाको कार्यालयमा पेश गर्ने ।

(५) स्वास्थ्य संस्थाको नीति, योजना तथा कार्यक्रम तर्जुमा गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्ने गराउने ।

(६) स्वास्थ्य संस्थाहरुको भौतिक सम्पत्तिको संरक्षण तथा नियमित मर्मत सम्भार गर्ने गराउने।

(७) स्वास्थ्य सेवाबाट बञ्चित स्थानीय समुदायहरुलाई स्वास्थ्य सेवाको पहुँच सुनिश्चितताका लागि आवश्यक कार्यहरु गर्ने ।

(८) स्वास्थ्य संस्थामा भौतिक पूर्वाधार, औषधि, स्वास्थ्यकर्मी र स्वास्थ्य उपकरणहरुको उपलब्धता सुनिश्चित गर्न आवश्यक समन्वयात्मक कार्यहरु गर्ने र सेवा प्रवाहको गुणस्तरीयता सुनिश्चितता गर्न तथ्यमा आधारित स्थानीय स्वास्थ्य योजना बनाउन पहल गर्ने ।

(९) स्थानीय सरकारको स्वास्थ्य क्षेत्रको लक्ष्य तथा उद्देश्य प्राप्तिको लागि आवश्यक पर्ने अन्य काम गर्ने गराउने । प्रदेश तथा संघीय सरकारका तर्फबाट अन्य थप विशेष कार्यक्रम भएमा सोका लागि आवश्यक सहजीकरण गर्ने ।

(१०) चन्द्रागिरि नगरपालिका र सो अन्तर्गतका स्वास्थ्य शाखासँग

स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापनसँग सम्बन्धित विषयहरुमा आवश्यक सञ्चार र समन्वय गर्ने ।

(११) स्थानीय स्वास्थ्य सुशासन सुदृढीकरण तथा स्वास्थ्य क्षेत्रमा सामाजिक जवाफदेहिता सुनिश्चित गर्ने।

(१२) चन्द्रागिरि नगर स्वस्थ सहर (Healthy City) घोषणा तथा दिगोपनका लागि कार्यपालिकाले तोके बमोजिमका कार्यहरुका साथै स्वस्थ सहर (Healthy City) कार्यविधि/निर्देशिकामा उल्लेख भए बमोजिमका तोकिएका कार्यहरु सम्बन्धित स्वास्थ्य संस्था मार्फत संचालन भएको सुनिश्चित गर्ने।

(१३) स्थानीय स्वास्थ्य सेवा ऐन, २०८२ बमोजिम स्वास्थ्य संस्था (आधारभूत स्वास्थ्य सेवा केन्द्र/शहरी स्वास्थ्य केन्द्र) को नामकरण भएको सुनिश्चित गर्ने।

(१४) सामुदायिक स्वास्थ्य नर्स सम्बन्धित वडाको आधारभूत स्वास्थ्य सेवा केन्द्र मार्फत परिचालन भएको सुनिश्चित गर्ने तथा आधारभूत स्वास्थ्य सेवा केन्द्र नभएको वडामा आधारभूत अस्पताल मार्फत परिचालन भएको सुनिश्चित गर्ने ।

(१५) महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका सम्बन्धित वडाको आधारभूत स्वास्थ्य सेवा केन्द्र मार्फत परिचालन भएको सुनिश्चित गर्ने तथा आधारभूत स्वास्थ्य सेवा केन्द्र नभएको वडामा आधारभूत अस्पताल मार्फत परिचालन भएको सुनिश्चित गर्ने ।

(१६) "एक वडा एक चिकित्सक" कार्यक्रम अन्तर्गत चिकित्सकको परिचालन कार्यपालिकाले तोके बमोजिम वा चिकित्सक

परिचालन कार्यविधि/ निर्देशिका बमोजिम स्वास्थ्य संस्थाबाट चिकित्सक परिचालन भएको सुनिश्चित गर्ने।

२.६ बैठकको गणपूरक संख्या

समितिको बैठकमा कम्तीमा ५१ प्रतिशत सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

परिच्छेद-३
कार्यक्षेत्र

३. स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको कार्यक्षेत्र निम्न बमोजिम हुनेछ।

३.१ नेपाल सरकारबाट जारी गरिएको आधारभूत स्वास्थ्य सेवा (Basic Health Care Package) प्रवाह र सेवाको न्यूनतम मापदण्ड (Minimum Service Standard, MSS) कार्यान्वयनको सुनिश्चितता गराउने।

३.२ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ उपदफा २ (झ) मा भएको गाउँपालिका तथा नगरपालिकाको एकल अधिकार क्षेत्र अन्तर्गत उल्लेख भएका स्वास्थ्य र सरसफाईसँग सम्बन्धित अनुसूची १ अनुसारका कार्यक्रमहरुको आफ्नो कार्यक्षेत्रभित्र कार्यान्वयनका लागि व्यवस्थापन, समन्वय र सहजीकरण गर्ने ।

३.३ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ उपदफा ४ (ख) मा उल्लेखित प्रदेश र स्थानीय सरकारको साझा अधिकारमा उल्लेख भए बमोजिमका स्वास्थ्य सम्बन्धी कार्यक्रमहरु अनुसूची २ अनुसारका आफ्नो कार्यक्षेत्रभित्र आवश्यक कार्यान्वयनका लागि सहयोग, समन्वय र सहजीकरण गर्ने ।

३.४ स्वास्थ्यको बृहत सामाजिक निर्धारक तत्वहरुको (Wider Social Determinants of Health) कारणबारे परिवर्तित जीवनशैली तथा जोखिमपूर्ण व्यवहारवाट मानिसको स्वास्थ्यमा पर्न सक्ने प्रतिकूल प्रभावहरुको पहिचान गर्न र नसर्ने रोगहरुबाट बच्न जनचेतना अभिवृद्धि जस्ता कार्यक्रमहरु लागु गर्न नेतृत्व प्रदान गर्ने ।

३.५ स्वास्थ्य संस्थाको भौगोलिक कार्यक्षेत्र, जनसंख्या, लक्षित जनसंख्या, जोखिम र पछ्याडी परेका वर्ग, गरीब र सिमान्तकृत वर्ग निर्धारण गर्न र स्वास्थ्य तथा सहयोगी कार्यक्रम सञ्चालन गर्नका लागि चन्द्रागिरि नगर कार्यपालिकाको कार्यालयमा सिफारिस तथा सहजीकरण गर्ने ।

३.६ सर्वसुलभ र गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउनका लागि आवश्यक मानव स्रोत व्यवस्थापन सम्बन्धी कार्य गर्ने तथा सेवा प्रदायक स्वास्थ्यकर्मीहरुलाई सहज रुपमा कार्य गर्न अनुकूल तथा सुरक्षित वातावरण सिर्जना गर्ने र उच्च कार्य सम्पादनका लागि प्रोत्साहित गर्ने ।

३.७ स्वास्थ्य संस्थाबाट प्रदान गरिएको सेवा, सेवा प्रदायकहरुको कार्यसम्पादन र यसको उपयोगिताको नियमित समीक्षा तथा मूल्यांकन गरी पुरस्कृत समेत गर्ने ।

३.८ स्वास्थ्य संस्थाको भौतिक पूर्वाधार तथा सेवा प्रवाह (भवन, औषधि, औजार, उपकरण, फर्निचर) को लागि स्वास्थ्य संस्थाको नियमित स्व-मूल्यांकनका आधारमा आवश्यक स्थानीय वित्तीय स्रोत साधनहरुको पहिचान तथा परिचालनमा सहयोग गर्ने र सो व्यवस्थापनका लागि सम्बन्धित निकायमा आवश्यक सिफारिस, छलफल, बहस पैरवी गर्ने ।

३.९ स्वास्थ्य सूचनाको उचित व्यवस्थापन गर्न स्वास्थ्य सम्बन्धी तथ्यांक/सूचना संकलन गर्नुको साथै विश्लेषण गरी सोको उपयोगमा वृद्धि गर्ने । स्वास्थ्य संस्थाले अभिलेख तथा प्रतिवेदन गरेको सुनिश्चित गरी यसको मासिक तथा आवधिक समीक्षा गर्ने ।

३.१० स्वास्थ्य संस्थाको भौगोलिक कार्यक्षेत्र भित्रको स्वास्थ्य समस्या र आवश्यकताको विश्लेषण गरी तथ्यमा आधारित योजना तर्जुमा, कार्यान्वयन र अनुगमन गर्ने ।

३.११ स्वास्थ्य सेवामा सुशासनलाई मध्यनजर गरी जनसहभागिता र सामाजिक जवाफदेहिता सुनिश्चित गर्दै सेवाग्राहीमैत्री स्वास्थ्य सेवालाई सुदृढीकरण गर्न सहयोग तथा सहजीकरण गर्ने ।

३.१२ विद्युतीय स्वास्थ्य (e-Health) अवधारणालाई स्थानीय स्तरमा विकास गरी क्रमशः लागु गर्दै लैजाने र सोको कार्यान्वयनका लागि नगरपालिका र सो अन्तर्गतका स्वास्थ्य शाखासँग आवश्यक सहयोग र समन्वय गर्ने।

३.१३ आफ्नो कार्यक्रमलाई थप प्रभावकारी र जनमुखी बनाउन, अनुभव र सहयोग आदान प्रदान गर्न जिल्ला, प्रदेश तथा संघीय स्तरमा समन्वय गर्ने।

३.१४ आफ्नो कार्यक्षेत्रका सेवाग्राहीहरुकाबीच स्वास्थ्य बीमा कार्यक्रमको कार्यान्वयनका लागि आवश्यक योजना तर्जुमा र सहजीकरण गर्ने र सेवाको कार्य सम्पादन र यसको उपयोगिताको नियमित समीक्षा गर्ने ।

३.१५ आयुर्वेद, होमियोप्याथी, युनानी, प्राकृतिक चिकित्सा जस्ता वैकल्पिक स्वास्थ्य सेवा तथा कार्यक्रमहरुलाई आफ्नो

योजनामा समावेश गर्दै सोको कार्यान्वयन, अनुगमन र सहजीकरण गर्ने ।

३.१६ समुदायमा आधारित प्रबर्द्धनात्मक, प्रतिकारात्मक, पुनर्स्थापनात्मक तथा उपचारात्मक स्वास्थ्य सेवाका कार्यक्रमहरु योजनामा समावेश गर्दै सोको कार्यान्वयन, अनुगमन र सहजीकरण गर्ने।

३.१७ महामारी तथा प्राकृतिक प्रकोप जस्ता आकस्मिक स्वास्थ्य सेवाको लागि पूर्व तयारी तथा आवश्यक व्यवस्थापन गर्ने ।

३.१८ प्रेषण प्रणालीलाई क्रियाशील बनाउन आधुनिकीकरण तथा व्यवस्थित गर्ने ।

३.१९ सेवाग्राही तथा सेवा प्रदायकहरुको हकहित संरक्षण तथा अधिकार सुनिश्चित गर्न सहजीकरण गर्ने ।

परिच्छेद-४
वित्तीय व्यवस्थापन

४. **वित्तीय व्यवस्थापनः** स्थानीय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिले प्रचलित आर्थिक ऐन नियमहरुको परिधिभित्र रही कार्यक्रमहरु सञ्चालन गर्न निम्न बमोजिम वित्तीय व्यवस्थापन गर्न सक्नेछन्। स्थानीय स्वास्थ्य संस्थाको वित्तीय व्यवस्थापन नेपाल सरकारको आर्थिक ऐन, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र चन्द्रागिरि नगरपालिकाको आर्थिक ऐन नियम अनुसार हुनेछ ।

४.१ बजेट तर्जुमा

क. स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिले योजना तर्जुमाको सात चरण अनुरुप तोकिएको अवधि (मिति) भित्र

आगामी आर्थिक बर्षको कार्यक्रम तथा बजेट निर्माण गरी नगरपालिकाको वडा कार्यालयमा पेश गर्नु पर्दछ ।

ख. बजेट तर्जुमा गर्दा नगरपालिकाबाट प्राप्त हुने सहयोग, अन्तर्राष्ट्रिय वा राष्ट्रिय गैरसरकारी संस्थाबाट प्राप्त रकम तथा स्थानीय स्वास्थ्य संस्थाको आम्दानीलाई समेत आधार बनाउनु पर्दछ।

४.२ खर्च तथा अभिलेखः

क. प्रत्येक चौमासिकको लागि निर्धारण गरिएका स्वास्थ्य कार्यक्रमहरुको स्वीकृत रकम निकासाको लागि नगरपालिकामा लिखित अनुरोध गर्नु पर्नेछ ।

ख. प्राप्त रकम सम्बन्धित शीर्षकको कार्यक्रम निर्धारित समयमै सम्पन्न गरी सोको अभिलेख स्वास्थ्य संस्थामा पनि राख्नु पर्दछ । प्रत्येक चौमासिकको भौतिक तथा वित्तीय प्रगतिवारे समीक्षा गरी आगामी चौमासिकको लागि बजेट माग गर्नु पर्नेछ ।

ग. स्वास्थ्य संस्थाको स्वामित्वमा रहेको चल, अचल सम्पत्तिको अभिलेख अद्यावधिक गरी ठीक दुरुस्त राख्नु पर्नेछ ।

घ. प्रचलित कानून बमोजिम प्रत्येक वर्ष स्वास्थ्य संस्थाको लेखा परीक्षण तथा सामाजिक परीक्षण गराउनु पर्नेछ ।

४.३ स्वास्थ्य संस्थाका आर्थिक स्रोतहरु

क. संघीय तथा प्रादेशिक सरकारबाट प्राप्त अनुदान।

ख. चन्द्रागिरि नगरपालिकाबाट प्राप्त अनुदान वा सहयोग ।

ग. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाबाट उपलब्ध सहयोग ।

घ. विभिन्न व्यक्ति, दाता, गुठी र उपभोक्ता समूहहरुबाट प्राप्त अनुदान वा सहयोग।

ङ. स्वास्थ्य संस्थाको आन्तरिक स्रोतबाट उठेको रकम तथा अन्य लगानी वा कार्यक्रमबाट भएको आर्जन ।

च. प्रयोगशाला लगायत अन्य सेवाबाट संकलन भएको सेवा शुल्क बापतको रकम।

नोटः **स्वास्थ्य** सेवा शुल्क बापतको दस्तुर कायपालिकाले तोके बमोजिमको हुनेछ ।

परिच्छेद-५
बजेट तथा जनशक्ति व्यवस्थापन

५. स्वास्थ्य संस्थाको बजेटः

(क) स्वास्थ्य संस्थाको आफ्नै बैंक खाता रहनेछ । बैंक खाता खोल्दा क वर्गको वाणिज्य बैंकमा खाता खोलिनेछ ।

(ख) स्वास्थ्य संस्थाको खाता संचालन समितिको अध्यक्ष र सदस्य सचिवको नाममा संयुक्त रुपमा खोलिने छ । स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समितिबाट निर्णय गराई तोकेको बैंकमा खाता सञ्चालन गरिनेछ ।

(ग) संस्थाको सम्पूर्ण आर्थिक कारोबार बैंक मार्फतबाट मात्र गरिनेछ।

(घ) व्यवस्थापन समितिको निर्णयानुसार मात्र आर्थिक कारोबार गरिनेछ।

(ङ) सदस्य सचिवले आर्थिक आयव्ययको विवरण चुस्त दुरुस्त राख्नु पर्नेछ।

(च) बर्षमा एक पटक वडा भेला गरेर सार्वजनिक लेखा परीक्षणका साथै आय व्यय सार्वजनिक गरी अनुमोदन गराउनु पर्नेछ।

(छ) प्रत्येक वर्ष आन्तरिक लेखा परीक्षण गराउनु पर्नेछ।

(ज) स्वास्थ्य संस्थाको कार्य प्रगति विवरण वडा समितिमा पेश गरी अनुमोदन गराउनु पर्नेछ।

५.१ जनशक्ति व्यवस्थापन

नगरपालिकाभित्रका स्वास्थ्य संस्थामार्फत आधारभूत स्वास्थ्य सेवा प्रवाहको लागि देहाय बमोजिमको जनशक्ति रहनेछ।

(क) स्थायी (नेपाल सरकारको स्वास्थ्य सेवाबाट समायोजन भई आएका स्वास्थ्य जनशक्ति र लोकसेवा आयोगबाट पदपूर्ति हुने स्थायी जनशक्ति)

(ख) नगरपालिकाबाट करार (करार सेवामा भर्ना गरिएका जनशक्ति)

(ग) छात्रवृत्ति करार (छात्रवृत्ति प्राप्त गरी अध्ययनरत विद्यार्थीहरूले अनिवार्य सेवा गर्नुपर्ने जनशक्ति तथा नगरपालिकाको पूर्ण वा आंशिक रुपमा सहयोग प्राप्त गरी अध्ययन गरेका विद्यार्थी)

(घ) स्थानीय स्वास्थ्य सहयोगी

(ङ) नगरपालिकाले स्वीकृत संरचना अनुरूपको आवश्यक जनशक्ति स्थायी र करार कर्मचारीबाट पदपूर्ति गर्नेछ।

(च) नगरपालिकाले जनशक्तिको क्षमता अभिवृद्धिको लागि प्रादेशिक वा संघीय तहका सम्बन्धित निकाय वा अन्य संस्थाको सहयोगमा आवश्यकता अनुसार तालिम तथा प्रशिक्षण गराउनेछ।

(छ) नगरपालिका क्षेत्रभित्र स्वास्थ्यकर्मीहरूको लागि कार्यमैत्री वातावरण तथा पेशागत सुरक्षाको व्यवस्था हुनेछ ।

(ज) जनशक्ति व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था प्रचलित कानुन र तोकिए बमोजिम हुनेछ।

परिच्छेद-६
संरक्षक, अध्यक्ष, सदस्य सचिव, तथा सदस्यहरुको काम, कर्तव्य र दायित्व

६. स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिका संरक्षक, अध्यक्ष, सदस्य सचिव, तथा सदस्यहरुको काम, कर्तव्य एवं उत्तरदायित्व देहाय बमोजिम हुनेछ।

६.१ संरक्षक

१) नगरपालिका क्षेत्रभित्र अत्यावश्यक स्वास्थ्य सेवा सर्वसुलभ गराउन प्राथमिकता क्षेत्र तोकी योजना तर्जूमा, कार्यान्वयन, अनुगमन तथा मूल्यांकन जस्ता कार्यहरुको लागि स्वास्थ्य शाखा लगायत नगरस्तरीय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिलाई आवश्यक अभिभावकत्व ग्रहण गरी, संरक्षण र प्रोत्साहन गर्ने।

२) नगरपालिका क्षेत्रको स्वास्थ्य अवस्थाको तथ्यगत अवस्थाका बारेमा अद्यावधिक रहने र देखिएका समस्या र सवालहरुको सम्बोधनका लागि पहल गर्ने।

६.२ अध्यक्ष

क) अत्यावश्यक स्वास्थ्य सेवा सर्बसुलभ गराउन प्राथमिकता क्षेत्र तोकी योजना तर्जूमा, कार्यान्वयन, अनुगमन तथा मूल्यांकन गर्ने ।

ख) योजना कार्यान्वयनमा प्रभावकारिता ल्याउन कार्यक्रमको

कार्ययोजना बनाई जिम्मेवार व्यक्ति तोक्ने र समय सीमा निर्धारण गर्ने ।

ग) कार्ययोजना बमोजिम पदाधिकारीहरुले कार्य सम्पादनको अनुगमन तथा मूल्याङ्कन गर्ने। स्वास्थ्य संस्थाबाट गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्ने वातावरण भए नभएको यकिन गर्ने र सोको सुनिश्चितता गर्ने ।

घ) कर्मचारीहरुको काममा नियमित मूल्यांकन गरी सम्मान तथा पुरस्कारको व्यवस्था गर्ने र कार्य सन्तोषजनक नभएमा सचेत गराउने, चेतावनी दिने वा प्रचलित ऐन बमोजिम कारबाहीको लागि सिफारिस गर्ने ।

ङ) स्वास्थ्य सेवालाई अझ बढी प्रभावकारी बनाउन आन्तरिक स्रोतले भ्याएसम्म स्वास्थ्य संस्थामा आवश्यकता अनुसार थप कर्मचारी व्यवस्था गर्न आवश्यक पहल गर्ने ।

च) समितिको बैठकमा कुनै विषयमा मत बाझिएमा निर्णायक मत दिने ।

छ) समय समयमा कार्यालयको निरीक्षण गरी कार्यालयको नगदी, जिन्सीको लागत अद्यावधिक गराउने ।

६.३ सदस्य सचिव

क) अध्यक्षको निर्देशनमा सदस्य सचिवको हैसियतले बैठक आह्वान गर्ने, बैठकमा प्रस्तावहरु पेश गर्ने, छलफल पश्चात निर्णयहरु अभिलेखीकरण गर्नुको साथै उक्त निर्णयहरु कार्यान्वयन गर्ने गराउने ।

ख) स्वास्थ्य संस्थाको प्रगति प्रतिवेदन तयार गरी समितिको बैठकमा पेश गर्ने।

ग) प्रशासन प्रमुख भई ऐन, नियम र तालुक कार्यालयको निर्णय, निर्देशन बमोजिम कार्य गरी स्वास्थ्य संस्था संचालन गर्ने ।

घ) नगरपालिका, वडा तथा समितिले तोकेको अन्य काम गर्ने गराउने।

६.४ सदस्यहरु

क) स्वास्थ्य कार्यक्रमहरुको योजना तर्जुमा प्रक्रियामा सक्रीय सहभागिता जनाउने र आवश्यक सहयोग पुर्‍याउने।

ख) स्थानीय स्रोत साधन जुटाउन, परिचालन गर्न, राय, सुझाव र सहयोग पुर्‍याउने।

ग) कुनै क्षेत्रमा थप स्वास्थ्य कार्यक्रमहरुको आवश्यकता भए समितिलाई जानकारी दिने।

घ) समितिले कुनै उपसमितिको संयोजक वा सदस्य तोकेमा सोही अनुसारको जिम्मेवारी बहन गर्ने ।

ङ) अध्यक्ष र उपाध्यक्षको अनुपस्थितिमा हुने बैठकमा अध्यक्षता गर्नु पर्ने अवस्था परेमा अध्यक्षता गर्ने।

च) समितिले निर्णय गरे अनुसार स्वास्थ्य संस्था, कर्मचारी र स्वास्थ्य कार्यक्रमहरुको सुपरीवेक्षण, अनुगमन र रेखदेख गर्ने।

छ) समितिका सदस्यहरुले स्वास्थ्य संस्थाको मासिक/अर्धवार्षिक/वार्षिक समीक्षामा भाग लिने।

ज) आधारभूत स्वास्थ्य शिक्षाका कार्यक्रमहरु सबै इकाईमा नियमित सञ्चालन हुने व्यवस्था गर्ने ।

झ) स्वास्थ्य क्षेत्रको बहुआयामिक विकासको लागि बहुक्षेत्रीय समन्वय तथा सहकार्य गर्ने गराउने।

परिच्छेद-७
स्वास्थ्य सेवा

७. चन्द्रागिरि नगरपालिका स्वास्थ्य संस्थाबाट सञ्चालन गरिने स्वास्थ्य सेवा अनुसूची ३ मा र आकस्मिक स्वास्थ्य सेवा अनुसूची ४ मा उल्लेख भए बमोजिमका आधारभूत स्वास्थ्य सेवा तथा आकस्मिक स्वास्थ्य सेवा सञ्चालन गरिने छ।

परिच्छेद-८
शैक्षिक गतिविधि सम्बन्धी व्यवस्था

८. मान्यता प्राप्त विश्वविद्यालय वा शैक्षिक संस्थामा अध्ययनरत विद्यार्थीहरू वा निजी प्रयासमा यस नगरपालिका वा अन्तर्गतका स्वास्थ्य संस्थाहरूमा अध्ययन प्रयोजनका लागि प्रयोगात्मक तालिम तथा अभ्यास लगायतका स्वास्थ्यसँग सम्बन्धित विभिन्न अध्ययन अनुसन्धान कार्यका लागि अनुमति माग भएमा देहाय बमोजिम व्यवस्थापन गरिने छ।

८.१. यस नगरपालिकाको स्वास्थ्य शाखा वा अन्तर्गतका स्वास्थ्य संस्थाहरूमा अध्ययन प्रयोजनका लागि व्यवसायिक अभ्यास, प्रयोगात्मक तालिम गर्न चाहने वा अध्ययन अनुसन्धानको लागि तथ्याङ्क सङ्कलन गर्न चाहेको खण्डमा नगर कार्यपालिकाको कार्यालयसँग अनिवार्य अनुमति लिनु पर्ने छ।

८.२. यस नगरपालिकाको स्वास्थ्य शाखा वा अन्तर्गतका स्वास्थ्य संस्थाहरूमा अध्ययन प्रयोजनका लागि व्यवसायिक अभ्यास, प्रयोगात्मक तालिम गर्न वा अध्ययन अनुसन्धानको लागि तथ्याङ्क सङ्कलन गर्न इच्छुक व्यक्ति वा संस्थाले अनुमतिका

लागि आवेदन दिएमा अनुमति प्रदान गर्न मनासिब देखिएमा नगर कार्यपालिकाको कार्यालयमा तपसिल बमोजिमको शुल्क तिरी अनुमति लिन सकिने छ।

- १५ दिनसम्मको कार्य अवधिका लागि प्रति व्यक्ति प्रति पटक रु. ५००।
- १६ दिनदेखि २ महिनासम्मको कार्य अवधिका लागि प्रति व्यक्ति प्रति पटक रु. १,०००।
- २ महिना भन्दा बढी अवधिको कार्यका लागि प्रति व्यक्ति प्रति पटक रु. २,०००।

८.३. यसरी अनुमति प्रदान गरिएका संघ संस्था वा व्यक्तिले नगरपालिकाको कार्यालयले तोके बमोजिमको ढाँचामा कार्यक्षेत्र रहेको स्वास्थ्य शाखा वा अन्तर्गतका स्वास्थ्य संस्थासँग सम्झौता गराई तोकिएको कार्यमा आवश्यक सहजीकरण गर्नु पर्ने छ।

परिच्छेद-९
स्वास्थ्य शिविर संचालन सम्बन्धी व्यवस्था

सरकारी, गैरसरकारी, सामुदायिक वा निजी मेडिकल कलेज, अस्पताल, मेडिकल, शैक्षिक संस्था लगायतका स्वास्थ्य संस्थाहरू वा अन्य संघसंस्थाले यस नगरपालिका क्षेत्रमा स्वास्थ्य सेवासँग सम्बन्धित कुनै पनि स्वास्थ्य शिविर आयोजना गर्न अनुमति माग भएमा देहाय बमोजिम व्यवस्थापन गरिनेछ।

(क) चन्द्रागिरि नगरपालिका क्षेत्रमा स्वास्थ्य सम्बन्धी कुनै पनि किसिमको शिविर सञ्चालन गर्न चाहेको खण्डमा नगर कार्यपालिकाको कार्यालय वा वडा कार्यालयसँग अनिवार्य अनुमति लिनु पर्नेछ।

(ख) यसरी अनुमति प्रदान गरिएका संघ संस्था वा व्यक्तिले शिविरमा खटिने स्वास्थ्य प्राविधिकहरूको विवरण अनिवार्य पेश गर्नु पर्नेछ। स्वास्थ्य शिविरमा खटिने स्वास्थ्य प्राविधिक अनिवार्य रूपमा सम्बन्धित परिषद्मा दर्ता भएको हुनु पर्नेछ।

(ग) यसरी अनुमति प्रदान गरिएका संघ संस्था वा व्यक्तिले नगरपालिकाको कार्यालय वा वडा कार्यालयले तोके बमोजिमको ढाँचामा सम्झौता गराई तोकिएको कार्यमा आवश्यक सहजीकरण गर्नु पर्नेछ।

अनुसूची १

(नगरपालिकाको एकल अधिकार क्षेत्र अन्तर्गत उल्लेख भएका स्वास्थ्य र सरसफाइसँग सम्बन्धित काम, कर्तव्य र अधिकारहरूसँग सम्बन्धित)

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ उपदफा (२) (झ) मा भएका महानगरपालिका/ नगरपालिका/गाउँपालिकाको एकल अधिकार क्षेत्र अन्तर्गत उल्लेख भएका स्वास्थ्य र सरसफाइसँग सम्बन्धित काम, कर्तव्य र अधिकारहरू :

आधारभूत स्वास्थ्य तथा सरसफाइ

(१) आधारभूत स्वास्थ्य, सरसफाइ तथा पोषण सम्बन्धी नीति/कानून/मापदण्ड/ योजना बनाउने, कार्यान्वयन गर्ने र नियमन गर्ने

(२) आधारभूत स्वास्थ्य, प्रजनन स्वास्थ्य तथा पोषण सेवा सञ्चालन र प्रवर्द्धन गर्ने

(३) स्वास्थ्य संस्था स्थापना र सञ्चालन गर्ने

(४) स्वास्थ्य सेवासम्बन्धी भौतिक पूर्वाधार विकास र व्यवस्थापन गर्ने

(५) स्वच्छ खानेपानी र खाद्य पदार्थको गुणस्तर, वायु तथा ध्वनि प्रदूषण नियन्त्रण र नियमन गर्ने

(६) सरसफाइ चेतना अभिवृद्धि तथा स्वास्थ्यजन्य फोहरमैला व्यवस्थापन गर्ने

(७) स्वास्थ्यजन्य फोहरमैला सङ्कलन, पुनः उपयोग, प्रशोधन, विसर्जन गर्ने तथा सेवा शुल्क निर्धारण/ नियमन गर्ने

(८) रक्त सञ्चार सेवा सञ्चालन गर्ने

(९) औषधि पसल सञ्चालनका लागि अनुमति, अनुगमन र नियमन गर्ने

(१०) स्वास्थ्य/सरसफाइ क्षेत्रको फोहरमैला व्यवस्थापनमा निजी तथा गैरसरकारी क्षेत्रसँग समन्वय/सहकार्य/साझेदारी गर्ने

(११) परिवार नियोजन तथा मातृशिशु कल्याण सम्बन्धी सेवा सञ्चालन, अनुमति, अनुगमन र नियमन गर्ने

(१२) महिला तथा बालबालिकाको कुपोषण न्यूनीकरण, रोकथाम, नियन्त्रण तथा व्यवस्थापन गर्ने

अनुसूची २

(संघ तथा प्रदेशसंगको सहकार्यमा प्रयोग गर्ने स्थानीय सरकारको स्वास्थ्यसँग सम्बन्धित साझा अधिकारसँग सम्बन्धित)

नेपालको संविधान अनुसूचि-९ मा उल्लेख भए बमोजिम र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ उपदफा ४ (ख) मा उल्लेखित संघ तथा प्रदेशसंगको सहकार्यमा प्रयोग गर्ने स्थानीय सरकारको स्वास्थ्यसंग सम्बन्धित साझा अधिकार सम्बन्धी कार्यक्रमहरु :

१. संघीय तथा प्रदेशस्तरीय लक्ष र मापदण्ड बमोजिम स्थानीयस्तरको स्वास्थ्य सम्बन्धी लक्ष्य र गुणस्तर निर्धारण गर्ने

२. जनरल अस्पताल, निदान केन्द्र तथा अन्य स्वास्थ्य संस्थाहरुको क्लिनिक दर्ता, सञ्चालन अनुमति र नियमन

३. स्थानीयस्तरमा औषधिजन्य वनस्पति, जडीबुटी र अन्य औषधिजन्य वस्तुको उत्पादन, प्रशोधन र वितरण

४. स्वास्थ्य बीमा लगायतका सामाजिक सुरक्षा कार्यक्रमको व्यवस्थापन

५. स्थानीयस्तरमा औषधि तथा अन्य मेडिकल उत्पादनको न्यूनतम मूल्य निर्धारण र नियमन

६. स्थानीयस्तरमा औषधिको उचित प्रयोग र सूक्ष्मजीव निरोधक प्रतिरोध न्यूनीकरण

७. स्थानीयस्तरमा औषधि र स्वास्थ्य उपकरणको खरिद, भण्डारण र वितरण

८. स्थानीयस्तरमा स्वास्थ्य सूचना प्रणालीको व्यवस्थापन

९. स्थानीयस्तरमा जन स्वास्थ्य निगरानी (Public Health Surveillance)

१०. स्थानीयस्तरको प्रवर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, पुनर्स्थापनात्मक र प्यालिएटिभ स्वास्थ्य सेवाको सञ्चालन

११. स्वस्थ जीवनशैली, पोषण, शारीरिक व्यायाम, योग अभ्यास, स्वास्थ्यवृत्तको पालना, पञ्चकर्म लगायतका जनस्वास्थ्य सेवाको प्रवर्द्धन

१२. जुनोटिक र कीटजन्य रोगको नियन्त्रण तथा व्यवस्थापन

१३. सुर्ती, मदिरा र लागु पदार्थजन्य वस्तुको प्रयोग नियन्त्रण तथा सचेतना अभिवृद्धि

१४. आयुर्वेदिक, युनानी, आम्ची, होमियोप्याथिक, प्राकृतिक चिकित्सा लगायत परमपरागत स्वास्थ्य उपचार सेवाको व्यवस्थापन

१५. जनस्वास्थ्य आपत्कालिन स्वास्थ्य तथा महामारकिो नियन्त्रण योजना र कार्यान्वयन

१६. रोगको नियन्त्रण तथा रोकथाम

१७. आकस्मिक स्वास्थ्य सेवा प्रवाह तथा स्थानीय सेवाको व्यवस्थापन ।

अनुसूची ३
(आधारभूत स्वास्थ्य सेवा)

१) खोप सेवाः

बालबालिकाका लागि खोप सेवा	बि.सि.जि (BCG), पोलियो खोप (Injectable तथा Oral), निमोकोकल (Pneumococcal), डी.पी.टी. (DPT), हिब (Hib), हेपाटाइटिस बी (Hepatitis B), दादुरा-रुबेला (Measles-Rubella) जापानीज इन्सेफालाइटिस (Japanese Encephalitis), रोटा भाइरस खोप (Rotavirus Vaccine)
गर्भवती तथा प्रजनन उमेरका महिलाका लागि खोप सेवा	धनुस्टङ्कार तथा भ्यागुते रोग विरुद्ध (Tetanus and diphtheria/ Td vaccine), Human Pappilomavirus (HPV) vaccines

२) एकीकृत नवजात शिशु तथा बालरोग व्यवस्थापन, पोषण सेवा, गर्भवती, प्रसव तथा सुत्केरी सेवा, परिवार नियोजन, गर्भपतन तथा प्रजनन स्वास्थ्य सम्बन्धी मातृ, नवजात शिशु तथा बाल स्वास्थ्य सेवाः

क) नवजात शिशु तथा बालरोग व्यवस्थापन

नवजात शिशु तथा बालरोग व्यवस्थापन सेवा	दुई महिनासम्मको शिशुको स्याहार तथा उपचार देहाय बमोजिमका अवस्था भएका नवजात शिशुहरूको स्तरीय उपचार पद्धति अनुसार आधारभूत सेवा प्रदान गर्नुपर्नेः • नवजात संक्रमण (Neonatal Sepsis) • जन्मास्फिक्सिया (Birth Asphyxia) • हाइपोथर्मिया (Hypothermia) • जन्डिस (Jaundice) • कम जन्म तौल (Low Birth Weight) • समय अगावै जन्म (Premature Birth) • स्तनपान तथा खुवाउने समस्या (Feeding Problems) • नाभी सम्बन्धी समस्या • रगतमा ग्लुकोज कमी • जन्मजात विकलाङ्गता

	<u>दुई महिना देखि पाँच वर्षसम्मका बालबालिकाको स्याहार तथा उपचारतीव्र श्वासप्रश्वास संक्रमण</u> • निमोनिया • औलो • झाडापखाला • दादुरा • कुपोषण • कान संक्रमण

ख) <u>पोषण सेवा</u>

पोषण (Nutrition) सम्बन्धी सेवा	<u>पोषण परामर्श तथा कुपोशानको व्यवस्थापन</u> <u>पोषण परामर्शः</u> • गर्भवती महिलालाई पोषण परामर्श, आमाको स्तनपान गराउने लगायत बालबालिका पोषण परामर्श
	• आहार विविधीकरण (Dietary Diversification) परामर्श सेवा र प्रदर्शन।
	• शिघ्र कुपोषणको प्रचलित उपचार पद्धति अनुसार निदान तथा व्यवस्थापन।
	• जटिल शिघ्र कुपोषणको प्रचलित उपचार पद्धति अनुसार निदान तथा प्रेषण सेवा।
	<u>सूक्ष्म पोषण पूरकता (Micronutrient Supplementation):</u> • पाँच वर्ष मुनिका बालबालिकाका लागिः भिटामिन ए क्याप्सुल। • गर्भवती महिलाका लागिः आइरन चक्की। • सुत्केरी महिलाका लागिः आइरन चक्की।
	• बाह्र महिना देखि उनन्साठी महिना सम्मका बालबालिका तथा विद्यालय जाने बालबालिकाका लागि (विद्यालय मार्फत): जुकाको औषधि। • गर्भवती महिलाका लागिः जुकाको औषधि।
	• दुई वर्ष मुनिका बालबालिकाका लागिः वृद्धि अनुगमन तथा परामर्श।
	• बी.एम.आई. (Body Mass Index) जाँच तथा परामर्श।

ग) गर्भवती, प्रसव तथा सुत्केरी सेवाः

गर्भवती जाँच सेवा (Antenatal Service)	• सामान्य गर्भावस्थाको पहिचान, परामर्श, प्रचलित उपचार पद्धति अनुसार व्यवस्थापन तथा प्रेषण। • उच्च जोखिम गर्भावस्थाको पहिचान, परामर्श, प्रचलित उपचार पद्धति अनुसार व्यवस्थापन तथा प्रेषण।
प्रसव तथा सुत्केरी सेवा (Delivery Service)	सामान्य सुत्केरी सेवा, परामर्श, जटिल सुत्केरीको पहिचान, व्यवस्थापन तथा प्रेषण सेवा। • सुत्केरी पश्चात प्रचलित उपचार पद्धति अनुसार व्यवस्थापन, परिवार नियोजन सेवा तथा परामर्श। • प्रचलित उपचार पद्धति अनुसार तत्काल तथा आवश्यक नवजात शिशु सेवा (Immediate and Essential New-born Care)।

घ) परिवार नियोजन, गर्भपतन सेवा, प्रजनन स्वास्थ्य समस्या तथा महिला क्यान्सर सम्बन्धी सेवाः

परिवार नियोजन (Family Planning)	• परिवार नियोजन परामर्श तथा सेवा। • पुरुष कण्डम, गर्भनिरोधक चक्की (OCP), गर्भनिरोधक सुई लगायतका साधन उपलब्ध गराउने।
गर्भपतन सम्बन्धी समस्या (Abortion-related services)	• सूचीकृत स्वास्थ्य संस्थाबाट सुरक्षित गर्भपतन सेवा, परामर्श तथा प्रेषण। • गर्भपतन पश्चात (Post-abortion) सेवा तथा आवश्यक परामर्श र परिवार नियोजन सेवा।
प्रजनन स्वास्थ्य समस्या (Reproductive Health Morbidity)	• आङ खस्ने समस्या (Utero-vaginal prolapse): शीघ्र पहिचान (Early Screening) तथा परामर्श। • प्रसूति फिस्टुला (Obstetric fistula): शीघ्र पहिचान, परामर्श तथा प्रेषण।
महिला क्यान्सर (Cancer)	• पाठेघरको मुखको क्यान्सरः प्रारम्भिक जाँच, परामर्श तथा प्रेषण। • स्तन क्यान्सरः प्रारम्भिक जाँच, परामर्श तथा प्रेषण।
किशोरावस्था मैत्री सेवा	• किशोरकिशोरी मैत्री सूचना तथा परामर्श सेवा, स्वास्थ्य सेवा।

३) <u>सरुवा रोग सम्बन्धी सेवाः</u>

एच.आई.भी./एड्स (HIV/AIDS)	• परामर्श। • अवसरवादी संक्रमण (Opportunistic Infection) को व्यवस्थापन।
क्षयरोग (Tuberculosis)	• निदान तथा उपचार (पहिलो लाइनको औषधि)।
औलो (Malaria)	• निदान तथा उपचार (प्रभावित क्षेत्रमा मात्र)।
जनावर टोकाइ (Animal Bite)	• जोखिम मूल्याङ्कन। • लाक्षणिक उपचार। • परामर्श तथा प्रेषण।
कुष्ठरोग (Leprosy)	• निदान, उपचार तथा प्रेषण।
कालाजार (Kala-azar)	• परामर्श तथा प्रेषण।
डेङ्गु (Dengue)	• परामर्श तथा प्रेषण।
फाइलेरियासिस (Filariasis)	• परामर्श तथा प्रेषण।
पाचन प्रणाली सम्बन्धी संक्रमण (Gastrointestinal Infections)	• सामान्य झाडापखाला (Acute Diarrhea): निर्जलीकरण (Dehydration) को मूल्याङ्कन तथा उपचार। • आउँ (Dysentery): प्रारम्भिक निदान, उपचार तथा प्रेषण। • टाइफाइड ज्वरोः प्रारम्भिक निदान, लाक्षणिक उपचार तथा प्रेषण। • जुका तथा पाचन प्रणालीका अन्य परजीवी संक्रमणः प्रारम्भिक निदान तथा उपचार।
श्वासप्रश्वास प्रणाली सम्बन्धी संक्रमण (Respiratory Tract Infections)	• मौसमी इन्फ्लुएन्जा (Seasonal Influenza): प्रारम्भिक निदान, लाक्षणिक उपचार तथा प्रेषण। • श्वासप्रश्वास नली संक्रमण (Sinusitis, Pharyngitis, Tonsillitis, Bronchitis, Pneumonia): प्रारम्भिक निदान, लाक्षणिक उपचार तथा प्रेषण।

बिबिराजन्य (Eruptive) रोग	• दादुरा (Measles): प्रारम्भिक निदान, लाक्षणिक उपचार तथा प्रेषण। • ठेउला (Chickenpox): प्रारम्भिक निदान, लाक्षणिक उपचार तथा प्रेषण। • रुबेला (Rubella): प्रारम्भिक निदान, लाक्षणिक उपचार तथा प्रेषण।
हाँडे (Mumps)	प्रारम्भिक निदान, लाक्षणिक उपचार तथा प्रेषण
लुतो (Scabies)	निदान तथा उपचार
जुम्रा (Pediculosis)	निदान तथा उपचार
Cellulitis, Abscess, Boil, Furunculosis	निदान, उपचार तथा प्रेषण
दाद (Ringworm) तथा अन्य ब्याक्टेरियल तथा फङ्गल छाला रोग	निदान, उपचार तथा प्रेषण
आँखामा संक्रमण	प्रारम्भिक निदान, लाक्षणिक उपचार तथा प्रेषण
नवजातमा आँखा संक्रमण (Ophthalmia Neonatorum)	प्रारम्भिक निदान, लाक्षणिक उपचार तथा प्रेषण
कानमा संक्रमण	प्रारम्भिक निदान, लाक्षणिक उपचार तथा प्रेषण
नाकमा संक्रमण	प्रारम्भिक निदान, लाक्षणिक उपचार तथा प्रेषण
मुखभित्र संक्रमण	प्रारम्भिक निदान, लाक्षणिक उपचार तथा प्रेषण
मुखको घाउ	प्रारम्भिक निदान, लाक्षणिक उपचार तथा प्रेषण
तल्लो पेट दुखाइ (Lower Abdominal Pain Syndrome)	प्रारम्भिक निदान, लाक्षणिक उपचार, परामर्श तथा प्रेषण

Urethral Discharge Syndrome	प्रारम्भिक निदान, लाक्षणिक उपचार, परामर्श तथा प्रेषण
Vaginal Discharge Syndrome	प्रारम्भिक निदान, लाक्षणिक उपचार, परामर्श तथा प्रेषण
Genital Ulcer Syndrome	प्रारम्भिक निदान, लाक्षणिक उपचार, परामर्श तथा प्रेषण
Scrotal Swelling Syndrome	प्रारम्भिक निदान, लाक्षणिक उपचार, परामर्श तथा प्रेषण
Inguinal Bubo Syndrome	प्रारम्भिक निदान, लाक्षणिक उपचार, परामर्श तथा प्रेषण
Urinary Tract Infection	प्रारम्भिक निदान, लाक्षणिक उपचार, परामर्श तथा प्रेषण

(४) नस्ने रोग तथा शारीरिक विकलांगता

रोग / समस्या	सेवा विवरण
उच्च रक्तचाप (Hypertension)	प्रारम्भिक जाँच, जोखिम मूल्याङ्कन, परामर्श सेवा तथा प्रेषण, उपचार निरन्तरता
मधुमेह (Diabetes Mellitus)	प्रारम्भिक जाँच, परामर्श सेवा तथा प्रेषण, उपचार निरन्तरता
दीर्घकालीन अवरोधात्मक फोक्सोकोरोग तथा दमको रोग (COPD & Asthma)	प्रारम्भिक निदान, लाक्षणिक उपचार, परामर्श तथा प्रेषण, आकस्मिक उपचार
हाडजोर्नी तथा मांसपेशीको दुखाई (Musculoskeletal pain)	प्रारम्भिक निदान, लाक्षणिक उपचार, परामर्श तथा प्रेषण
अम्ल-पित्त (Acid peptic disease)	प्रारम्भिक निदान, लाक्षणिक उपचार, परामर्श तथा प्रेषण
आँखा सम्बन्धी समस्या (Eye problems)	प्रारम्भिक निदान, लाक्षणिक उपचार, परामर्श तथा प्रेषण
कान सम्बन्धी समस्या (Ear problems)	प्रारम्भिक निदान, लाक्षणिक उपचार, परामर्श तथा प्रेषण
मुख स्वास्थ्य समस्या (Oral health problems)	प्रारम्भिक निदान, लाक्षणिक उपचार, परामर्श तथा प्रेषण
अपाङ्गता (Disability)	प्रारम्भिक निदान, परामर्श तथा प्रेषण

(५) मानसिक स्वास्थ्य सेवाहरू

समस्या / सेवा	**सेवा विवरण**
सामान्य मानसिक स्वास्थ्य समस्या (Common mental health problems)	प्रारम्भिक निदान, लाक्षणिक उपचार, परामर्श तथा प्रेषण
मदिरा/लागू पदार्थ दुर्व्यसन (Alcohol & substance abuse)	प्रारम्भिक निदान, लाक्षणिक उपचार, परामर्श तथा प्रेषण
मदिरापानको लत (Alcoholism/ Dependency)	जाँच, प्रारम्भिक व्यवस्थापन, प्रेरक अन्तरक्रिया (Motivational interviewing), प्रेषण र परामर्श

(६) जेष्ठ नागरिक, आकस्मिक अवस्था, स्वास्थ्य प्रवर्द्धन र आयुर्वेद सम्बन्धी सेवा तालिका

समस्या / सेवा	**सेवा विवरण**
जेष्ठ नागरिक स्वास्थ्य समस्या (Geriatric health problem)	प्रारम्भिक निदान, लाक्षणिक उपचार, परामर्श तथा प्रेषण; स्वास्थ्य प्रवर्द्धन सेवा; Physiotherapy & Rehabilitation; पोषण सेवा

(७) सामान्य आकस्मिक अवस्थाका सेवा

चोटपटक तथा घाउखटिरा	मलमपट्टी, टाँका, फोड़ा/विप्लो उपचार; आवश्यकता अनुसार प्रेषण र परामर्श
आकस्मिक अवस्था व्यवस्थापन (Common emergency conditions)	Shock, Convulsion, गंभीर चोट, Fracture/ Dislocation, Burn/Scald, विषादी सेवन (Gastric lavage), Drowning: प्रारम्भिक व्यवस्थापन, उपचार, प्रेषण, परामर्श
Foreign body (घाँटी, आँखा, कान)	प्रारम्भिक उपचार, परामर्श तथा प्रेषण
Epistaxis (नाकबाट रगत)	प्रारम्भिक उपचार, परामर्श तथा प्रेषण
Snake bite (सपथदंश)	प्रारम्भिक उपचार, परामर्श तथा प्रेषण

८) स्वास्थ्य प्रवर्द्धन सेवा

स्वास्थ्य प्रवर्द्धन सेवा (Health Promotion services)	जनचेतनामूलक सूचना, सञ्चार सामग्री व्यवहार परिवर्तन, सञ्चार तथा परामर्श सेवा

९) आयुर्वेद तथा अन्य परम्परागत स्वास्थ्य सेवा

आयुर्वेद	पूरक स्वास्थ्य सेवा, योग सेवा, सतावरी (सुत्केरी आमाको लागि)
होमियोप्याथिक	मुसा (Thuja), छालाको एलर्जी, टन्सिल, अम्लपित्त, दुबी, Arthritis: प्रारम्भिक निदान र उपचार (स्तरीय उपचार प्रोटोकल अनुसार)

अनुसूची ४
(आकस्मिक स्वास्थ्य सेवा)

क्र.सं.	सेवा क्षेत्र	स्वास्थ्य समस्याहरू
१	श्वासप्रश्वास	Acute Exacerbation of COPD, Acute Mountain Sickness, Acute Mountain Sickness, Acute Pulmonary Oedema, Acute Respiratory Failure, Acute Respiratory Distress Syndrome (ARDS), Aspiration Pneumonia, Asthma, Decompression Syndrome, Foreign Body in respiratory tract, High Altitude Pulmonary Edema (HAPE), Respiratory Acidosis, Respiratory Alkalosis, Ruptured diaphragm, Status Asthmaticus, Severe pneumonia, Tension Pneumothorax, Others
२	मुटु	Cardiac Arrythmias (e.g. ventricular tachycardia, ventricular arrhythmias), Cardiac Tamponade, Cardiogenic Shock, Congestive Cardiac Failure (CCF), Heart Block, Atrial Fibrillation, Infective Endocarditis, Ischaemic Heart Disease (Angina Pectoris, Myocardial Infarction), Myocarditis, Pericardial Effusion, Pericarditis, Others
३	मस्तिष्क तथा नसा	Cerebrovascular Accident (CVA), Coma, Encephalitis, Encephalopathy (Hypoxic/Hepatic/ uremic), Epilepsy, Guillain Barre Syndrome, High Altitude Cerebral Oedema (HACE, Meningitis, Status Epilepticus, Others
४	पेट	Acute Appendicitis, Acute Cholecystitis, Acute Pancreatitis, Intestinal Obstruction, Intestinal Perforation, Intussusception, Peritonitis, Duodenal Perforation, Erosive gastritis, Foreign body in esophagus, Fulminant hepatitis, Gastric perforation, Gastrointestinal Bleeding (upper & lower), Ruptured Esophagus, Splenic rupture, Strangulated and obstructed hernia, Trauma to abdominal visceras, Variceal Bleeding, Others
५	मूत्र प्रणाली	Acute retention urine, Hematuria, Acute Pyelonephritis, Pyonephrosis, Acute renal failure, Metabolic acidosis & alkalosis, Testicular Torsion, Paraphimosis, Ruptured bladder, Others
६	प्रजनन स्वास्थ्य	Antepartum Hemorrhage, Eclampsia, Ectopic Rupture, Obstructed Labour, Post-partum hemorrhage, Preeclampsia, Pregnancy Induced Hypertension, Puerperal Sepsis, Retention of Placenta, Rupture Uterus, Others
७	हड्डी/स्नायु प्रणाली	Fractures (Femur, spine), Compartment syndrome, Lacerations, Bleeding, Amputations, Gangrene, Others

८	**मेटाबोलिक & इन्डोक्राइन**	Adrenal Insufficiency, Hypo/hyperkaliemia, Hypo/hypernatremia, Ketoacidosis, Metabolic Alkalosis, Metabolic Acidosis, Others
९	**आँखा**	Chemical burn, Corneal ulcer, Double vision, Foreign Body in eye, Sudden vision loss, Traumatic injury to eye, Others
१०	**नाक, कान, घाँटी**	Epistaxis, Foreign body in Nose, Choking, Acute epiglottitis, Others
११	**पोलाई (Burn & Scald)**	Thermal burns, Chemical burns, Electrical injuries, Lightning injuries, Others
१२	**मानसिक स्वास्थ्य**	Acute Psychosis, Alcohol intoxication, Alcohol withdrawal syndrome, Catatonic stupor, Conversion Disorder, Drug Toxicity, Lithium Toxicity, Delirium Tremens, Narcoleptic Malignant Syndrome, Panic Attack, Schizophrenia, Suicidal attempt, Transient Situational Disturbances, Violent/aggressive behavior, Others
१३	**विषादी & औषधि ओभरडोज**	Organophosphorus poisoning, Mushroom poisoning, Wild honey poisoning, Dhatura poisoning, Paracetamol poisoning, Zinc phosphide poisoning, Aluminum phosphide poisoning, Drug overdose, Others
१४	**सर्पदंश/ जनावर टोकाई**	Snake bite, Insect bite, Animal bite
१५	**बाल रोग**	Acute abdomen, Central cyanosis, Coma, Diarrhea with dehydration, Neonatal emergencies (TE fistula, imperforated anus, pinhole meatus, neonatal sepsis), Obstructed/absent breathing, Severe respiratory distress, Shock, Seizures, Rashes (Viral exanthems), Others
१६	**सामान्य आकस्मिक स्वास्थ्य सेवा**	घाउ/घाउखटराः मलमपट्टी, टाँका, फोड़ा/विप्लो उपचार, Shock, Convulsion, गंभीर चोट, Fracture/Dislocation, Burn/Scald, Gastric lavage (विषादी सेवन), Drowning, Snake bite; प्रारम्भिक उपचार, आवश्यकता अनुसार प्रेषण र परामर्श

अनुसूची ५
(व्यवस्थापन समितिको कार्यसम्पादन स्व-मूल्यांकन फाराम)

स्वास्थ्य संस्थाको नामः ....समीक्षा गरेको मिति : ....

क. संस्थागत क्षमता र समितिको सशक्तिकरण

क्र. सं.	सूचकहरू	छ (१)	छैन (०)
१	गत ६ महिनामा समितिको बैठक नियमित भएको		
२	बैठकमा ५१ प्रतिशत वा त्यसभन्दा बढी उपस्थित हुने गरेको		
३	सदस्यहरु बैठकमा ठिक समयमा आउने गरेको		
४	समितिको मासिक बैठकको निम्ति निश्चित मिति र समय तोकेको		
५	महिला तथा पिछडीएको समुदायका प्रतिनिधिहरु बैठकमा नियमित रुपमा उपस्थित हुने गरेको		
६	महिला तथा पिछडिएको समुदायमा प्रतिनिधिहरु बैठकमा नियमित रुपमा उपस्थित हुने		
७	बहुमत सदस्यहरुले आ-आफ्नो समुदायबाट स्वास्थ्यका सूचना बैठकमा ल्याउने र बैठकका निर्णयहरु समुदायसम्म पुर्याउने गरेको		
८	निर्णयहरु बुँदागत रुपमा कार्ययोजनाको स्वरुपमा लेख्ने गरेको		
९	अघिल्लो बैठकको प्रगति समीक्षा समितिको मासिक बैठकमा नियमित रुपमा छलफल हुने		
१०	गत आर्थिक वर्षको वार्षिक प्रगति विवरण सबैले देख्ने स्थानमा टाँस गरेको		
११	अघिल्लो बैठकको प्रगती समीक्षा समितिको मासिक बैठकमा नियमित रुपमा छलफल हुने		
१२	बैठकमा उठेका विषयवस्तु समाधानका लागि एक भन्दा बढी सदस्यलाई जिम्मेवारी दिने गरेको		

१३	समितिको वार्षिक कार्ययोजना बनाएको र सबैले देख्ने स्थानमा टाँस गरेको		
१४	समितिका सदस्यहरुको फोटो सहितको नामावली बोर्ड स्वास्थ्य संस्थामा सबैले देख्ने स्थानमा टाँस गरेको		
१५	समितिका सदस्यहरुलाई आफ्नो भुमिका तथा जिम्मेवारीहरु थाहा भएको		
१६	समिति विधिवत् रुपमा (निर्देशिका अनुसार) गठन भएको		
१७	समितिको आफ्नो लेटरप्याड र छाप बनाएको		
	जम्मा		

स्वास्थ्य संस्थाको नामः ....समीक्षा गरेको मिति : ....

ख. स्वास्थ्य संस्था व्यवस्थापन :

क्र. सं.	सूचकहरू	छ (१)	छैन (०)
१	स्वास्थ्य संस्था भित्र तथा वाहिर कम्पाउन्डको वातावरण सफा र व्यवस्थित राखे		
२	आवश्यकता अनुसार भौतिक पूर्वाधार (भवन, कोठा, प्रतिक्षालय, पानी, विजुली, चर्पी, फर्निचर, आदि)को व्यवस्थापन गरेको		
३	स्वास्थ्य संस्थामा दरबन्दी अनुसारको कर्मचारीको व्यवस्थापन गर्न समितिले पहल गरेको		
४	स्वास्थ्य संस्थालाई व्यवस्थित रुपमा सञ्चालनगर्न आवश्यक औषधीको व्यवस्थापन गरेको		
५	स्वास्थ्य संस्थामा आवश्यक पर्ने औजार तथा उपकरणहरुको व्यवस्थापन गरेको		
६	न.पा., गा.पा. तथा अन्य निकायबाट स्वास्थ्य कार्यक्रमका लागि स्रोत परिचालन गरेको		
७	कार्यालय समय अनुसार (१० देखी ४ वा ५ बजेसम्म) स्वास्थ्य संस्था खोल्ने व्यवस्था		

८	समितिले स्वास्थ्य संस्थाको सहयोग गर्न सुपरिवेक्षण योजना बनाएको		
९	समितिद्धारा योजना अनुसार स्वास्थ्य संस्थालाई सहयोग र सुपरिवेक्षण योजना अनुसार भएको		
१०	समितिले गाउँघर तथा खोप क्लिनिकमा सहयोग गर्न सुपरिवेक्षण योजना बनाएको		
११	समितिले गाउँघर तथा खोप क्लिनिकमा सहयोग गर्न सुपरिवेक्षण योजना अनुसार गर्ने		
१२	समितिले आफुले गरेका कामको निश्चित प्रक्रिया अपनाई आफैंले समीक्षा गर्न सक्षम भएको र गर्ने गरेको		
१३	समितिले कर्मचारीहरुको कामको मूल्याङ्कन गरि प्रोत्साहन गर्ने गरेको		
१४	समितिबाट महिला स्वास्थ्य स्वयं सेविकाको कामको मूल्याङ्कन गरि प्रोत्साहन गर्ने गरेको		
१५	समितिले न.पा., गा.पा. वा अन्य निकायसँग कार्यक्रम प्रमावकारी रुपमा सञ्चालनगर्न समन्वय गर्ने गरेको ।		
१६	समितिले महिला स्वास्थ्य स्वयं सेविकालाई आवश्यक सहयोग गर्ने गरेको		
१७	समितिले विभिन्न क्षेत्रको सुपरिवेक्षण पश्चात् देखिएका राम्रा तथा सुधार गर्नुपर्नें कुराहरुलाई समितिको मासिक बैठकमा राखी छलफल गर्ने गरेको		
१८	स्वास्थ्य संस्थाको वस्तुगत पार्शव चित्र (Health Profile) बनाएको		
	जम्मा		

स्वास्थ्य संस्थाको नामः ....समीक्षा गरेको मिति : ....

ग. स्वास्थ्य सेवाको अवस्था :

क्र. सं.	सूचकहरू	छ (१)	छैन (०)
१	प्रत्येक महिना स्वास्थ्य संस्थाको सेवाको प्रगतिको समीक्षा मासिक अनुगमन कार्य पुस्तीकाको आधारमा गरी समितिको मासिक बैठकमा राख्ने गरेको		
२	खोपको लक्ष्य अनुसार प्रगति हासिल गरेको र समुदायमा आधारित नवजात शिशु स्याहार तथा बाल रोगको एकिकृत व्यवस्थापन गरेको		
३	४ पटक गर्भजाँच सेवा लक्ष्य अनुसार प्रगति हासिल गरेको		
४	२२५ आइरन चक्की सेवनको लक्ष्य अनुसार प्रगति हासिल गरेको		
५	लक्ष्य अनुसार टी.टी. खोपको प्रगति हासिल गरेको		
६	समितिले दक्ष स्वास्थ्यकर्मिबाट स्वास्थ्य संस्थामा सुत्केरी गराउन व्यवस्था गरेको		
७	चाहना हुँदाहुँदै पनि परिवार नियोजनको कुनै साधन उपभोग गर्न नसकेका दम्पत्तीहरुको पहिचान गरेको		
८	गाउँघर तथा खोप क्लिनिकहरु नियमित रुपमा सञ्चालन हुने गरेको		
९	सेवाबाट छुटेका मानिस (महिला, दलित, जनजाती, पिछडिएका र संस्थाबाट टाढा रहेका) हरुको पहिचान गरी सेवामा उनिहरुको पहुँच बढाउन समुदाय परिचालन कार्य गर्ने गरेको		
१०	राष्ट्रिय स्वास्थ्य कार्यक्रमहरुमा समितिले योजनाबद्ध रुपमा सहयोग गर्ने गरेको		

११	स्वास्थ्य संस्थामा हुनुपर्ने औषधिको किसिम स्वास्थ्य संस्थाको तह अनुसार उपलब्ध गरेको		
१२	स्वास्थ्य संस्थामा हुनुपर्ने ४ वटा अत्यावश्यक औषधिहरु (पुनर्जलीय झोल, एमोक्सिशिसिलीन, आइरन र भिटामिन भए) भए नभएको यकिन गरेको		
१३	स्वास्थ्य संस्थामा हनपर्ने कम्तिमा ३ वटा परिवार नियोजनका साधनहरु (कण्डम, पिल्स, डिपो) भए नभएको यकिन गरेको		
१४	नागरिक बडापत्रसबैले देख्ने स्थानमा टाँस गरेको		
१५	समिति र स्वास्थ्य संस्थाको वार्षिक कार्ययोजना बनाएको		
१६	न.पा., गा.पा.को स्वास्थ्य आवश्यकताको पहिचान गरी वडा स्तरीय स्वास्थ्य योजना बनाएको		
१७	अ.हे.व./ अ.न.मी. ले समितिको बैठकमा उपस्थित भई आमा समूह, गाँउघर क्लिनिक, स्वास्थ्य स्वयं सेविका कार्यक्रमबारे छलफल गर्ने गरेको		
	जम्मा		

स्वास्थ्य संस्थाको नामः ....समीक्षा गरेको मिति : ....

अनुसूची ६

(व्यवस्थापन समितिको बैठक रजिष्टर नमुना)

बैठक नम्बरः

मितिः

गते	महिना	साल

बैठक सञ्चालन भएको स्थानः

बैठकको संक्षिप्त विवरण :

आज मिति ....मा यस .... आधारभूत स्वास्थ्य सेवा केन्द्र /शहरी स्वास्थ्य केन्द्र को सञ्चालन तथा ब्यवस्थापन समितिका अध्यक्ष ....को अध्यक्षतामा निम्न लिखित महानुभावको उपस्थितिमा बसेको बैठकले विभिन्न प्रस्तावहरुमा छलफल गरी निम्नानुसारको निर्णय गर्यो ।

क्र.सं.	नाम थर	महिला/पुरुष	पद	दस्तखत

बैठकमा छलफलका लागि प्रस्तावहरु :

क्र.सं.	प्रस्तावहरु	प्रस्ताव गर्ने सदस्यको नाम

बैठकका निर्णयहरु :

यो बैठकले उपरोक्त प्रस्तावहरुमा गहन छलफलगरी निम्नानसारको कार्ययोजना सहितको निर्णय गर्यो।

१. अघिल्लो बैठकका निर्णयको समीक्षाः

....

....

२. बैठकका मुख्य निर्णयहरु :

....

....

निर्णय कार्यान्वयनको कार्य योजना

क्र.सं.	पहिचान भएका समस्या	कार्यान्वयनका लागि सिफारिस गरेका क्रियाकलापहरु	पूरा गर्ने समय सीमा	जिम्मेवारी

दस्तखत

अनुसूची ७

नागरिक बडापत्र

आधारभूत स्वास्थ्य सेवा प्याकेज र सेवाको न्यूनतम मापडण्डमा उल्लेख भएका कार्यक्रमहरुको आधारमा तोकिएको ढाँचामा तयार गरी सेवाग्राहीको सहज पहुँच हुने स्थानमा टाँस गर्नुपर्नेछ ।

आज्ञाले
जग्दिश चन्द्र नेपाली
प्रमुख प्रशासकीय अधिकृत

प्रमाणीकरण मितिः २०८३ वैशाख १७ गते
मूल्य रूः २०/-